# राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४

प्रमाणीकरण मिति

२०७४।६।२७

संशोधन गर्ने ऐन

केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ २०७५।११।१९

सम्वत् २०७४ सालको ऐन नं. २२

प्रस्तावनाः राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका–संसदले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **पारिश्रमिकः** (१) राष्ट्रपति र उपराष्ट्रपतिलाई अनुसूची–१ मा उल्लेख भए बमोजिमको मासिक पारिश्रमिक दिइनेछ ।

(२) राष्ट्रपति वा उपराष्ट्रपति संविधानको धारा १०१ को उपधारा (१) बमोजिमको अवस्थामा बाहेक अन्य जुनसुकै अवस्थामा पदबाट निवृत्त भएमा निजलाई एक महिनाको पारिश्रमिक बराबरको रकम थप सुविधाको रूपमा दिइनेछ ।

३. **आवास सुविधाः** (१) राष्ट्रपति र उपराष्ट्रपतिको आवासको लागि नेपाल सरकारबाट सरकारी घरको बन्दोबस्त गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको घरको मर्मत र सम्भार नेपाल सरकारबाट हुनेछ ।

(३) उपदफा (१) बमोजिमको घरको लागि उपयुक्त फर्निचरको व्यवस्था नेपाल सरकारबाट हुनेछ ।

४. **<u>सवारी तथा इन्धन सुविधाः</u>** (१) राष्ट्रपति र उपराष्ट्रपतिको लागि नेपाल सरकारले सवारी साधन उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको सवारी साधनलाई आवश्यक पर्ने इन्धन, मोबिल तथा मर्मत सम्भारको व्यवस्था नेपाल सरकारले गर्नेछ ।

५. **<u>सञ्चार सुविधाः</u>** राष्ट्रपति र उपराष्ट्रपतिको आवासको लागि टेलिफोन, कम्प्यूटर, इन्टरनेट, फ्याक्स, पत्रपत्रिका जस्ता सञ्चार सुविधा नेपाल सरकारले व्यवस्था गर्नेछ ।

६. **<u>पोशाक सुविधाः</u>** राष्ट्रपति र उपराष्ट्रपतिलाई प्रत्येक वर्ष अनुसूची–१ मा उल्लेख भए बमोजिमको रकम पोशाक भत्ता बापत दिइनेछ ।

७. **<u>अतिथि सत्कार तथा भैपरी खर्चः</u>** (१) राष्ट्रपति र उपराष्ट्रपतिलाई प्रत्येक महिना मासिक पारिश्रमिक बराबरको रकम अतिथि सत्कार तथा भैपरी खर्च बापत दिइनेछ ।

(२) उपदफा (१) बमोजिमको खर्चको बिल भरपाई पेश गर्नु पर्ने छैन ।

८. **<u>निजी चिकित्सक सम्बन्धी सुविधाः</u>** राष्ट्रपति र उपराष्ट्रपतिको लागि नेपाल सरकारले एक/एक जना निजी चिकित्सकको व्यवस्था गर्नेछ ।

९. **<u>उपचार खर्चः</u>** (१) राष्ट्रपति वा उपराष्ट्रपति स्वदेशमा अस्पताल भर्ना भई उपचार गराउँदा वा नेपालमा उपचार हुन नसक्ने भई मेडिकल बोर्डको सिफारिसमा विदेशमा गई उपचार गराउँदा लागेको उपचार खर्च नेपाल सरकारले व्यहोर्नेछ ।

(२) राष्ट्रपति वा उपराष्ट्रपति अस्पताल भर्ना भई उपचार गराउँदा कुरुवा बस्नु पर्ने भएमा कुरुवा खर्च बापत तीन जना सम्मको मनासिब खर्च नेपाल सरकारले उपलब्ध गराउनेछ ।

(३) उपदफा (१) बमोजिमको उपचार खर्च बापतको रकम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले राष्ट्रपति वा उपराष्ट्रपति भर्ना भएको अस्पताललाई भुक्तानी गर्नेछ ।

१०. **<u>चाडपर्व खर्चः</u>** (१) राष्ट्रपति र उपराष्ट्रपतिले आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाइने चाडपर्वको लागि आफूले खाईपाई आएको एक महिनाको पारिश्रमिक बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रूपमा पाउनेछन् ।

नेपाल कानून आयोग

(२) उपदफा (१) बमोजिमको रकम राष्ट्रपति र उपराष्ट्रपतिले एक आर्थिक वर्षमा एक पटक लिन सक्नेछन् ।

११. **दैनिक भत्ता तथा भ्रमण खर्चः** (१) राष्ट्रपति वा उपराष्ट्रपति आफ्नो ओहोदा सम्बन्धी कामको सिलसिलामा स्वदेश वा विदेशको भ्रमण गर्दाको सम्पूर्ण खर्च नेपाल सरकारले व्यहोर्नेछ ।

(२) राष्ट्रपति वा उपराष्ट्रपति स्वदेश तथा विदेशको भ्रमण गर्दा अनुसूची—२ मा उल्लेख भए बमोजिमको दैनिक भत्ता पाउनेछन् ।

१२. **बीमा सुविधाः** राष्ट्रपति र उपराष्ट्रपतिलाई सरकारी कामको सिलसिलामा स्वदेश तथा विदेशको भ्रमण गर्दा अनुसूची—२ मा उल्लेख भए बमोजिमको बीमा सुविधा प्राप्त हुनेछ ।

१३. **विज्ञ सम्बन्धी व्यवस्थाः** (१) राष्ट्रपति र उपराष्ट्रपतिले आफ्नो पदीय काममा सहयोग पु¥याउन बढीमा क्रमशः सात र पाँच जना विज्ञ नियुक्त गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम नियुक्त हुने विज्ञले पाउने मासिक पारिश्रमिक तथा सुविधा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत राष्ट्रपति र उपराष्ट्रपतिले नियुक्त गरेका विज्ञ यसै ऐन बमोजिम नियुक्त गरेको मानिनेछ ।

१४. **निजी सचिवालय सम्बन्धी व्यवस्थाः** (१) राष्ट्रपति र उपराष्ट्रपतिको निजी सचिवालयको लागि अनुसूची—३ बमोजिमका कर्मचारीहरू रहनेछन् ।

(२) उपदफा (१) बमोजिमको निजी सचिवालयमा काम गर्ने कर्मचारीले नेपाल सरकारले तोके बमोजिमको पारिश्रमिक तथा सुविधा पाउनेछन् ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत राष्ट्रपति र उपराष्ट्रपतिको निजी सचिवालयमा नियुक्त भई कार्यरत कर्मचारीहरू यसै ऐन बमोजिम नियुक्त भएको मानिनेछ ।

(४) राष्ट्रपति र उपराष्ट्रपतिको निजी सचिवालयको लागि आवश्यक पर्ने फर्निचर तथा अन्य भौतिक स्रोत र साधनको व्यवस्था नेपाल सरकारले गर्नेछ ।

१५. **शपथः** आफ्नो कार्यभार सम्हाल्नु अघि राष्ट्रपतिले प्रधान न्यायाधीश समक्ष र उपराष्ट्रपतिले राष्ट्रपति समक्ष अनुसूची—४ बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ ।

१६. **<u>मुद्दा नचलाइने:</u>** राष्ट्रपति र उपराष्ट्रपतिले आफ्नो पदीय हैसियतले सम्पादन गरेका काम कारबाहीको विषयमा निज पदमा रहँदा वा सेवा निवृत्त भएपछि निज उपर कुनै अदालतमा मुद्दा चलाइने छैन ।

१७. **<u>नेपाल सरकारसँग सम्पर्क:</u>** राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालयले नेपाल सरकारसँग सम्पर्क राख्दा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत राख्नु पर्नेछ ।

१८. **<u>अनुसूचीमा संशोधन:</u>** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक संशोधन गर्न सक्नेछ ।

नेपाल कानून आयोग

अनुसूची—१

(दफा २ को उपदफा (१) र दफा ६ सँग सम्बन्धित)

**राष्ट्रपति र उपराष्ट्रपतिले पाउने पारिश्रमिक तथा पोशाक सुविधा**

| क्र.सं. | विषय | राष्ट्रपतिको लागि | उपराष्ट्रपतिको लागि |
|---|---|---|---|
| १. | पारिश्रमिक | प्रति महिना रु. १,५०,४५०।— | प्रति महिना रु. १,०८,०३०।— |
| २. | पोशाक सुविधा | प्रति वर्ष रु. २५,०००।— | प्रति वर्ष रु. २०,०००।— |

नेपाल कानून आयोग

अनुसूची—२

(दफा ११ को उपदफा (२) र दफा १२ सँग सम्बन्धित)

**राष्ट्रपति र उपराष्ट्रपतिले पाउने दैनिक भत्ता तथा बीमा**

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १. | स्वदेशमा भ्रमण गर्दा पाउने दैनिक भत्ता दर | ३,३००।— रुपैयाँ |
| २. | विदेशमा भ्रमण गर्दा पाउने दैनिक भत्ता दर | २५०।— अमेरिकी डलर |
| ३. | बीमा | २५,००,०००।— रुपैयाँ |

**द्रष्टव्यः**

१. यूरोपियन मुलुकहरू, अष्ट्रेलिया, न्यूजिल्याण्ड, अमेरिका, क्यानाडा, कुवेत, कोरिया, जापान, हङ्कङ्ग, रुस, कतार, जाम्बिया, यू. ए. ई., सिङ्गापुर, लेवनान, बहराइनको भ्रमणमा उल्लिखित दरमा तेत्तीस प्रतिशत थप रकम दिइनेछ ।

नेपाल कानून आयोग

अनुसूची—३

(दफा १४ को उपदफा (१) सँग सम्बन्धित)

## राष्ट्रपति र उपराष्ट्रपतिको निजी सचिवालयका कर्मचारी

| क्र.सं. | कर्मचारीको पद विवरण | राष्ट्रपति | उपराष्ट्रपति |
|---|---|---|---|
| (क) | प्रमुख स्वकीय सचिव (रा.प.विशिष्ट श्रेणी सरह) | १ | १ |
| (ख) | सह स्वकीय सचिव (रा.प. प्रथम श्रेणी सरह) | १ | — |
| (ग) | उप स्वकीय सचिव (रा.प. द्वितीय श्रेणी सरह) | २ | १ |
| (घ) | स्वकीय अधिकृत (रा.प. तृतीय श्रेणी सरह) | ४ | २ |
| (ङ) | कम्प्यूटर सहायक (रा.प.अनङ्कित प्रथम श्रेणी सरह) | १ | १ |
| (च) | फोटोग्राफर (रा.प. अनङ्कित प्रथम श्रेणी सरह) | १ | १ |
| (छ) | प्रेस संयोजक (रा.प. अनङ्कित प्रथम श्रेणी सरह) | १ | १ |
| (ज) | सवारी चालक (श्रेणी विहीन) | ४ | ३ |
| (झ) | कार्यालय सहयोगी | ४ | ३ |

नेपाल कानून आयोग

अनुसूची–४

(दफा १५ सँग सम्बन्धित)

**↔शपथ ग्रहणको ढाँचा**

म.... ... ... ... ... ... ... मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु÷ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीयसत्ता र सार्वभौमसत्ता नेपाली जनतामा रहेको नेपालको संविधान प्रति पूर्ण बफादार रही ....................पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताई, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारिताका साथ सम्पादन गर्नेछु र आफ्नो कर्तव्य पालनको सिलसिलामा आफूलाई जानकारीमा आएको प्रचलित कानून बमोजिम गोप्य राखु पर्ने कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै पनि किसिमबाट प्रकट वा सङ्केत गर्ने छैन ।

नामः

मितिः दस्तखतः

↔ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।



नेपाल कानून आयोग